# उदयपुरगढी गाउँपालिका, उदयपुर
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाँऊपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाँउपालिका अर्न्तगत ८ वडा रहेको ४४ सभा सदस्य २६९.५१ व.कि.मी. क्षेत्रफल, ३०७३१ जनसंख्या १ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पेश गरेको उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | २१३०११४६०.०५ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | १२७७०१२१४.९० |
| | ख) बैंक | ६६०३९२५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | २१३८४४५.८१ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | २३१४१६००० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १६३१४१६५३.९० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | **धरौटी फिर्ता** | ३५६००० |
| | घ) विशेष अनुदान | | ६ | **कोष खर्च** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **मौज्दात** | |
| | क)वित्तीय समानीकरण अनुदान | | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | ५५५०००० | | ख) बैंक मौज्दात | ६८४५९३४९.७६ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| १० | **धरौटी आय** | ६७८००० | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | **अन्य विविध आय** | | | | |
| | **जम्मा** | **४०९५२८०२४.७१** | | **जम्मा** | **४०९५२८०२४.७१** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

१. **कानून तर्जुमा :** नेपालको संविधानको धारा ५४ को उपधारा ४ मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय तहले तर्जुमा गर्नु पर्नें कानूनहरु मध्ये ३४ वटा नमूना कानून संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको भएपनि यस गाँउपालिकाले निम्नानुसारका १६ वटा कानून मात्र पारित गरेको भएपनि स्थानीय राजपत्रमा प्रकाशन गरेको देखिएन:

| सि.नं. | कानूनको नाम | सभाबाट पारित मिति |
|---|---|---|
| १ | उदयपुरगढी गाँउपालिका (कार्यविभाजन) नियमावली, २०७४ | २०७४/४/२१ |
| २ | उदयपुरगढी गाँउपालिकाको आर्थिक ऐन, २०७५ | २०७५/५/१ |
| ३ | उदयपुरगढी गाँउपालिकाको विनियोजन ऐन, २०७५ | २०७५/५/१ |
| ४ | उदयपुरगढी गाँउपालिका कार्य सम्पादन नियमावली, २०७४ | २०७४/४/२१ |
| ५ | उदयपुरगढी गाँउपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण नियमावली, २०७४ | २०७४/४/२१ |
| ६ | उदयपुरगढी गाँऊपालिकाको सहकारी ऐन, २०७५ | २०७५/४/३० |
| ७ | उदयपुरगढी गाँउपालिकामा अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ | २०७५/४/३० |
| ८ | उदयपुरगढी गाँउपालिकामा न्यायिक समितिको उजुरीको किनारा गर्दा अपनाउनु पर्ने सम्बन्धी कार्यविधि, २०७५ | २०७५/४/३० |
| ९ | उदयपुरगढी गाँउपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/१/१३ |
| १० | उदयपुरगढी गाँउपालिकाको एकीकृत सम्पत्ति कर सम्बन्धी कार्यविधि, २०७५ | २०७५/४/३० |
| ११ | उदयपुरगढी गाँउपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ | २०७५/४/३० |
| १२ | उदपयुरगढी गाँउपालिकामा स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/४/३० |
| १३ | उदयपुरगढी गाँउपालिकामा स्थानीय तहको उपभोत्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | २०७५/४/३० |
| १४ | उदयपुरगढी गाँउपालिकाको पदाधिकारीहरुको आचारसंहिता, २०७४ | २०७४/४/२१ |
| १५ | उदयपुरगढी गाँउ सभा सञ्चालन कार्यविधि, २०७४ | २०७४/४/२१ |

२. **कारोबारको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमबो ढाँचामा राख्नु पर्ने व्यवस्था रहेको छ । यस गाँउपालिकाले राखेको लेखाको ढाँचा उपरोक्त व्यवस्था बमोजिम स्वीकृत नभएको, आर्थिक कार्यविधि ऐन तर्जुमा नभएको, महालेखा नियन्त्रक कार्यालयबाट जारी विद्युतीय लेखा प्रणाली (SUTRA) अवलम्बन नगरेको तथा आन्तरिक लेखापरीक्षण नभएकाले गाँउपालिकाले राखेको लेखाले गाँउपालिकाको आर्थिक कारोबारको यर्थाथ अवस्था चित्रण गर्दछ भनी एकिन गर्ने आधार भएन ।

२.१. कार्यालयको सञ्चित कोष खाता (२०५०३०४०१८१०३) मा गत वर्षको जिम्मेवारी, यस वर्षको आम्दानी, चालु, पूँजीगत र अन्य खातामा ट्रान्सफर गरेको रकमको गोश्वरा भौचर खडा नगरेकोले मूल कोषको आय व्ययको अवस्था परीक्षण गर्न सकिएन ।

२.२. कार्यालयले सञ्चालन गरेका विभिन्न खर्च खाता (चालु, पूँजीगत र अन्य) ले मूल कोषबाट ट्रान्सफर भएको रकमको आम्दानी भौचर र मूल कोषमा फिर्ता पठाएको खर्च भौचर नउठाएकाले शीर्षकगत निकासा र खर्चको अवस्था एकीन गर्न सकिएन ।

२.३. कार्यालयबाट प्राप्त आर्थिक विवरण अनुसार वित्तीय समानीकरण अनुदान तर्फ रु. ६,०२,२३,२५३।९५, आन्तरिक आय तर्फ रु.१३,१०,१७०।८१ र विविध तर्फ रु.२८,४६,११४।०० समेत रु.६,४३,७९,५३८।७६

बाँकी रहेकोमा बैंक खातामा रु.९,४२,२४,८००।४८ (२०...२६२०३ मा रु.३,००,०१,२४९।०७, २०...१८१०३ मा रु. ४,४९,९२,०३७।९१ र २०...१६१०३ मा रु. १,९२,३१,५१३।५०) बाँकी देखिएकोले फरक परेको रु.२,९८,४५,२६१।७२ देखिन्छ । कार्यालयले बैंक हिसाब विवरण तयार नगरेकोले बाँकी मौज्दातको यथार्थता परीक्षण गर्न सकिएन ।

२.४. कार्यालयले मुल कोषबाट रु.३६,०५,८४,८००।०० (चालु रु. २२०५८४८००।००, पूँजीगत रु. १४००००००००।००) ट्रान्सफर गरेको देखाएकोमा ती खाताबाट रु. ३३,२९,७६,९२८।६६ खर्च भएकाले रु.२७६०७८७१।३४ बाँकी देखिनु पर्नेमा रु.६,०२,२३,२५३।९५ देखिएकाले रु. ३,२६,१५,३८२।६१ फरक परेकाले छानवीन गरी हिसाब मिलान हुनुपर्दछ ।

२.५. कार्यालयले खर्च गरेका निम्न रकम सञ्चित कोषमा समावेश गरेको पाइएन ।

| सि. नं. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम | ३००५७८१ |
| २ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १३९०१८२ |
| ३ | एल जि सी डि पी चालु र पूँजीगत | १०२२५०० |
| ४ | गरिबसँग विश्वेश्वर | ४२५८४० |
| ५ | पोष्ट ओडिएफ | ५००००० |
| | **जम्मा** | **६३४४३०३** |

२.६. कार्यालयले संचित कोषको आर्थिक विवरणमा चालु र पूँजीगत खर्च वापत रु. ३४,०७,१२,६७४।९५ देखाएकोमा लेखापरीक्षणको लागि पेश भएको आर्थिक विवरण अनुसार रु. ३३,६८,१६,५६०।९५ मात्र खर्च देखिएकोले रु. ३८,९६,११४।०० फरक परेको छ ।

३. **कम जिम्मेवारी:** कार्यालयको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. ६६,४१,०००।०० यस आर्थिक वर्षको लागि जिम्मेवारी सार्नु पर्नेमा रु. ६६०३९२५।०० मात्र सारेकोले कम जिम्मेवारी सारेको रकमको हिसाब मिलान हुनुपर्ने रु. ... ३७०७५.००

४. **वार्षिक लक्ष्य र प्रगति:** गाँउपालिकाका प्रमुखले २०७४।५।२८ मा पेश गर्नु भएको आर्थिक वर्ष २०७४।७५ को वार्षिक नीति तथा कार्यक्रममा निम्नानुसारको आय व्ययको अनुमान गरेको भएपनि आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची १ को दाँचामा वाषिक कार्यक्रम तथा अनुसूची २ को ढाँचामा प्रगति विवरण तयार गरेको पाइएन । जस्ले गर्दा गाँऊपालिकाले आर्थिक वर्ष २०७४।७५ मा हासिल गरेको प्रगतिको विश्लेषण गर्न सकिएन ।

| आय | रकम रु | व्यय | रकम रु |
|---|---|---|---|
| अ ल्या | ६६०३९२५ | चालु | २०७८३३२०० |
| नेपाल सरकार | ३४१६२२००० | पूँजीगत | १९०३५१९२५ |
| आन्तरिक आय | २७६२००० | आर्थिक विकास रु. १७६८०००० | |
| सामाजिक सुरक्षा | ४५७०७२०० | वातावरण तथा विपद् व्यवस्थापन रु. ७०००००० | |
| बहुक्षेत्रिय पोषण | १४९०००० | संस्थागत विकास रु. २४१५३८४१ | |
| | | सामाजिक विकास रु. २६४६२००० | |
| **जम्मा** | **३९८१८५१२५** | पूर्वाधार विकास रु. ११५०५६०८४ | **३९८१८५१२५** |

५. **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन ।

६. **आन्तरिक लेखा परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । यस

| | | |
|---|---|---|
| | कार्यका लागि नेपाल सरकारले आन्तरिक लेखापरीक्षकको दरबन्दी स्वीकृत गरेपनि कार्यालयले आय र व्ययको आन्तरिक लेखा परीक्षण गराएको पाइएन । यसबाट आर्थिक कारोबारमा गल्तीहरु भएका छैनन भनी आश्वस्त हुने आधार भएन । | |
| ७. | **वित्तीय जवाफदेहिता :** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७५ को अनुसूची ११ बमोजिम कार्यालयको व्यवस्थापकिय, वित्तीय, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा कार्यालयको ग्रेडिङ सी श्रेणीमा परेको छ । | |
| ८. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था भएपनि सो अनुसार गरेको पाइएन । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँऊपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १०. | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा खरिद योजना तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले खरिद एकाई गठन तथा खरिद योजना तयार गरेको पाइएन । | |
| ११. | **मध्यकालिन खर्च संरचना :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भएपनि तयार गरेको पाइएन । | |
| १२. | **कर्मचारी व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकीय सङ्गठन र कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था रहेको छ । नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत दरबन्दी संरचना अनुसार यस गाँऊपालिकामा कार्यपालिकातर्फ २५ र वडा कार्यालय तर्फ प्रति वडा २ का दरले १६ समेत ४१ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा ६८ जना कार्यरत रहेको देखिन्छ । अतः स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरिनु पर्दछ । | |
| १२.१. | कार्यालयमा कार्यरत कर्मचारी संख्या ६८ मध्ये १३ जना निजामती स्थायी, ११ जना स्थानीय स्थायी र अन्य करारमा नियुक्त भएका पाइयो । कार्यालयले करारमा कर्मचारी नियुक्त गर्दा उपरोक्त कानूनी व्यवस्था अनुसार स्वीकृत दरबन्दीमा स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ अनुसार भर्ना गर्नुपर्दछ । | |
| १३. | **पदाधिकारी सुविधा** : गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा नगरपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूची १ (क) मा उल्लेख भए बमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने व्यबस्था रहेको छ । जस अनुसार पदाधिकारीले बैठक भत्ता, टेलिफोन, मोवाईल, खाजा, पुस्तक पत्रपत्रिका इन्टरनेट, अनुगमन खानेपानी विजुली, सरसफाई मर्मत, अतिथि सत्कार, यातायात खर्च पाउने व्यबस्था छ । यस गाउँपालिकाका पदाधिकारीले आ.व. २०७४।७५ को नियमानुसारको सुविधा आ.व. २०७५।७६ मा बुझिलिएको कार्यालयबाट उल्लेख भएकोमा सोको अतिरिक्त कार्यपालिकाको निर्णयानुसार गाउँपालिका अध्यक्षले मासिक रु.२०००।-, उपाध्यक्षले मासिक रु.१५००।- ८ वडा कार्यालयका वडाअध्यक्षले मासिक रु.७५०।- का दरले सञ्चार सुविधा वापतको रकम बुझिलिएको देखिएकोले प्रदेश कानून विपरित लिएको उक्त सुविधा असुल हुनुपर्ने रु. | ११४०००.०० |
| १३.१. | स्थानीय तहका पदाधिकारीले पाउने सुविधाका सम्बन्धमा निर्णय गर्न पाउने अधिकार कानूनमा | |

| | | |
|---|---|---|
| | नभएपनि गाँऊकार्यपालिकाले मिति २०७४।५।२१ मा गाँऊसभा र गाँऊ कार्यपालिकाका पदाधिकारीहरुलाई प्रति बैठक रु.१०००।०० तथा अध्यक्षलाई थप रु. ५००।०० र उपाध्यक्षलाई रु.२००।०० थप बैठक भत्ता दिने, वडा कार्यालयहरुलाई मासिक सञ्चार सुविधा रु.१५००।००, इन्धन रु.३०००।००, बैठक खाजा खर्च रु.२०००।००, वार्षिक सञ्चालन तथा मर्मत खर्च रु.३०००।००, विविध रु.१०,०००।००, स्टेशनरी रु.१०,०००।००, पत्रपत्रिका विज्ञापन रु.१०,०००।००, अध्यक्षलाई मासिक सञ्चार खर्च रु.२०००।०० र उपाध्यक्षलाई रु. १५००।०० दिने निर्णय गरेको पाइयो । | |
| १४. | **यातायात सुविधा :** गाँऊ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ७ मा उपाध्यक्षलाई गाँऊ कार्यपालिकाले आफ्नो आन्तरिक आय र राजश्वको अवस्था एवं कार्यपालिकाको कार्यबोझ समेतलाई दृष्टिगत गरी कार्यपालिकाको सदस्यलाई हलुका सवारी साधन उपलब्ध गराउन सक्ने व्यवस्था भएपनि कार्यालयले यस वर्ष रु. १३,१०,१७०।८१ खुद आन्तरिक आय आर्जन गरेको अवस्थामा आन्तरिक आय र राजश्वको अवस्था विश्लेषण नगरी उपाध्यक्षलाई रु. २,०५,९००।०० खरिद गरेको मोटरसाईकल एवं बडा अध्यक्षहरु ८ जनालाई रु. २,०५,९००।०० तथा रु. २,१९,९००।०० का दरले खरिद गरेका मोटरसाइकलहरु गरी रु. १८,८१,१००।०० को सवारी साधन उपलब्ध गराएको अनियमित देखिएको रु. ... | १८८११००.० |
| १५. | **बैठक भत्ता :** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा नगपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यहरुले बैठक भत्ता अनुसुची १ क, अनुसूची २ र अनुसूची ३ मा तोकिए अनुसार प्रति बैठक पाउने व्यबस्था रहेको छ । यस्तो बैठक भत्ता प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यले एक महिनामा ३ वटा बैठकको वडा समति सदस्यले दुई वटा बैठकको, सभाद्धारा गठित विषयगत समितिको सदस्यले एक महिनामा एउटा बैठकको न्यायिक समतिको सदस्यले एक महिनामा दुई पटकको पाउने व्यबस्था रहेको छ भने अनुगमन वापत मासिक एकमुष्ट पाउने व्यबस्था रहेको छ । यस गाउँपालिकाका पदाधिकारीले निम्नानुसारको रकम बैठक भत्ता र अनुगमन भत्तावापत भुक्तानी लिएकोमा ऐनको दफा ३(२), ४(२) ६ बमोजिमको सीमा भित्र रही लिएको खुल्ने अभिलेख नराखेकोले यसरी भुक्तानी भएको रकमका सम्बन्धमा छानविन गरी सीमा भन्दा बढी भुक्तानी लिएको रकम असुल हुनुपर्ने रु. | ३३०४६००.० |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| ३/०७४/६/८ | बैठक भत्ता | ४४७६००.०० |
| १२०/०७५/३/३१ | विभिन्न बैठक -कार्यपालिका,गाउँसभा एवं विषयगत समिति | ५६२५००.०० |
| ४६/०७४/९/२४ | विभिन्न बैठक -कार्यपालिका,गाउँसभा एवं विषयगत समिति | ५३७५००.०० |
| २/०७५/२/८ | वडा नं. ७ : वडा समितिको बैठक | ६००००.०० |
| ३/०७५/२/१३ | वडा नं. ८ : वडा समितिको बैठक | ७२०००.०० |
| २/०७५/२/६ | वडा नं. ६ : वडा समितिको बैठक | ७२०००.०० |
| २/०७५/२/१३ | वडा नं. ५: वडा समितिको बैठक | ७२०००.०० |
| २/०७५/१/२७ | वडा नं. ४: वडा समितिको बैठक | ७२०००.०० |
| २/०७५/१/२८ | वडा नं. ३ : वडा समितिको बैठक | ७२०००.०० |
| २/०७५/२/६ | वडा नं. २ : वडा समितिको बैठक | ७२०००.०० |
| ६/०७५/३/३१ | वडा समितिको बैठक (वडा १-८ माघदेखि आषाढसम्म) | ८५२०००.०० |
| ३/०७५/२/६ | वडा नं. १ : वडा समितिको बैठक | ७२०००.०० |
| ९/०७५/३/३१ | ४ कार्यक्रम अनुगमन भत्ता वडा नं.१ | ३१०००.०० |
| ८/०७५/३/३१ | २ कार्यक्रम अनुगमन भत्ता वडा नं.१ | ७०००.०० |
| ७/०७५/३/२५ | १ कार्यक्रम अनुगमन भत्ता वडा नं.१ | १००००.०० |
| ६/०७५/३/२५ | २ कार्यक्रम अनुगमन भत्ता वडा नं.१ | १००००.०० |
| ५/०७५/२/९ | ४ कार्यक्रम अनुगमन भत्ता वडा नं.१ | २२०००.०० |
| ५/०७५/३/१३ | ५ कार्यक्रम अनुगमन भत्ता वडा नं.२ | २९०००.०० |
| ५/०७५/३/३१ | ६ कार्यक्रम अनुगमन भत्ता वडा नं.३ | ३५०००.०० |
| ५/०७५/३/३१ | ५ कार्यक्रम अनुगमन भत्ता वडा नं.४ | २२०००.०० |
| ५/०७५/३/३१ | ५ कार्यक्रम अनुगमन भत्ता वडा नं.५ | ३९०००.०० |

| | | |
|---|---|---|
| ६/०७५/३/२७ | १ कार्यक्रम अनुगमन भत्ता वडा नं.८ | ९०००.०० |
| ५/०७५/३/३१ | ३ कार्यक्रम अनुगमन भत्ता वडा नं.७ | २२०००.०० |
| २५/०७५/३/३१ | ५ कार्यक्रम अनुगमन भत्ता गाउँपालिकास्तरीय | २७०००.०० |
| २४/०७५/३/३१ | ४ कार्यक्रम अनुगमन भत्ता (गाउँपालिकास्तरीय चालु) | ३४०००.०० |
| २३/०७५/३/३१ | ५ कार्यक्रम अनुगमन भत्ता (गाउँपालिकास्तरीय चालु) | १४०००.०० |
| २१/०७५/३/३२ | १ कार्यक्रम अनुगमन भत्ता (गाउँपालिकास्तरीय चालु) | ३००००.०० |
| | **जम्मा** | **३३०४६००.००** |

| | | |
|---|---|---|
| १६. | **कर्मचारी सुविधा :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवको शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । गाँऊपालिकाले कार्यरत कर्मचारीहरु अतिरिक्त कार्य गरेवापत प्रोत्सहान भत्ता ३० प्रतिशत उपलब्ध गराउने निर्णय गरी मासिक तलबमा थप भत्ता समेत भुक्तानी गर्ने गरेको पाइएकाले उक्त सुविधा संघीय कानूनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकाले कार्यालयले निम्नानुसार भत्ता वापत खर्च लेखिएकाले उक्त खर्च अनियमित देखिएको रु. ... | ७४७५३६.०० |
| १७. | **कर लगाउने** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा एकिकृत सम्पत्ति कर र घर जग्गा कर, दफा ५६ मा भूमि कर, दफा ५७ मा घर जग्गा बहाल कर, दफा ५८ मा व्यवसाय कर, दफा ५९ मा बहाल विटौली शुल्क, दफा ६० मा पार्किङ्ग शुल्क, दफा ६१ मा जडीबुटी, कवाडी र जीवजन्तु कर, दफा ६२ मा सेवा शुल्क, दफा ६४ मा दोहोरो अधिकारक्षेत्रभित्रका कर निर्धारण, संकलन तथा बाँडफाँडको व्यवस्था रहेको छ। कार्यालयले यसवर्ष उपरोक्तानुसारका कर असुल गर्न सकेको पाइएन । | |
| १८. | **राजश्व लेखा :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाँऊपालिकाले यस वर्ष रु. २१,३८,४४५।८१ आन्तरिक आम्दानी देखाएकोमा राजश्व लेखा प्रणालीका म ले प फा नं. १०८क, १०८ख, १०८, १०९, २३ नराखेकोले बास्तबिक राजस्व असुली र दाखिला एकिन गर्न सकिएन । | |
| १८.१. | कार्यालयले यस वर्ष प्रयोग गरेका नगदी रसिदको नियन्त्रण खाता नराखेकोले वडा कार्यालयहरुले बुझिलिएका नगदी रसिद र ती रसिद प्रयोग गरी दैनिक रुपमा आर्जन गरेको दैनिक टिपोट रजिष्टर एवं मालपोत असुली रजिष्टर पेश नगरेको, कार्यालयबाट बुझि लिएका रसिदका ठेली पेश नभएको, प्रयोग भएका नगदी रसिद एवं बाँकी रहेका नगरी रसिदको विवरण एकीन नभएकोले यस वर्ष असुल भएको राजश्वको सत्यता र यर्थाथता एकिन गर्ने आधार नभएको रु. ..... | २१३८४४५.० |
| १८.२. | गाँउकार्यपालिकाको २०७४।५।२१ को निर्णयबाट वडा कार्यालयहरुमा राजश्व वापत प्राप्त भएको रकम प्रत्येक महिनाको पाँच गतेभित्र कार्यालयमा पेश गर्ने निर्णय भएपनि सो अनुसार पेश हुने गरेको पाइएन । | |
| १८.३. | कार्यालयले आन्तरिक राजश्व असुल गर्दा संकलन भएको राजश्वको २५ प्रतिशत संकलन गर्नेलाई भुक्तानी गर्ने सम्झौता गरी यस वर्ष आन्तरिक आयबाट रु. ८०,७३९।०० संकलन गर्नेलाई भुक्तानी गरेको देखियो । यस्तो रकम भुक्तानी गर्ने व्यवस्था कानूनमा नरहेकाले अनियमित देखिएको रु. .. | ८०७३९.०० |
| १९. | **सम्पत्ति हस्तान्तरण र संरक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तयार गरेको पाइएन । | |
| १९.१. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार सम्पत्तिको रेखदेख, मर्मत संभार तथा अन्य प्रबन्ध गरेको देखिएन । | |
| २०. | **आय र व्ययको बर्गीकरण तथा लेखांकन :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३१ मा स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखांकन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु | |

| | | |
|---|---|---|
| | पर्ने व्यवस्था रहेको छ । यस्का लागि नेपाल सरकारले एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ लागु गरेको छ । कार्यालयले चालु र पूँजीगत खर्चको वर्गीकरण गर्दा उक्त व्यवस्था अनुसार नगरी चालु प्रकृतिका कार्यहरु समेत पूँजीगतमा खर्च लेखाँकन गर्ने गरेको पाइयो । | |
| २१. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँऊपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| २२. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउने कार्यविधिको व्यवस्था रहेको छ । | |
| २२.१. | सोही नियमावलीको नियम ९७(१क) मा लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था रहेको छ भने नियम ९७(४) मा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टीन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले लागत अनुमान तयार गर्दा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिता खुल्ने गरी गरेको पाइएन । | |
| २२.२. | सोही नियमावलीको नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालन हुने निर्माण कार्य गर्दा लोडर, एक्साभेटर, रोलर, डोजर .. जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने तथा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था रहेको छ । निम्न निर्माण कार्य पटिल प्रकृतिको रहेको भनी नखुलाएको, उपभोक्ता समितिले निर्माण कार्य गर्दा हेभि उपकरण प्रयोग गर्दा कार्यालयको पूर्व सहमति लिएको नदेखिएकाले हेभि मेशिन प्रयोग गरेको कार्य अनियमित देखिएको रु. ... | ४२०२३८८१.० |

| कार्यक्रमको नाम | भौ नं | उपभोक्ता समिति | डोजर भाडा रकम |
|---|---|---|---|
| पूँजीगत गा पा सडक ५-८ | १-२०७४/१२/५ | तेलेतेले | ४१४०३० |
| | २-२०७४/१२/५ | कोल्टे मैनाटार | ९११६०० |
| | ३-२०७५/१/१६ | वतासे जगरेटार | ७६५०० |
| | | भुतिया रामकाडे | ८०९८२ |
| | ५-२०७५/१/१६ | नरेटार धाप | ७५००० |
| | ६-२०७५/१/१६ | ध्याम्पे गौरीटार | ९७०७० |
| | ७-२०७५/१/२५ | बरडाँडा | ७५१८५ |
| | ८-२०७५/१/२५ | रातमाटे | २२०१५० |
| | | मौवासी पलासे | १५०१००० |
| | ९-२०७५/१/२५ | चियाबारी | ११२५१९ |
| | १०-२०७५/१/२५ | नेपालटार | ३२९१९९ |
| | ११-२०७५/१/२५ | नरेटार | ६०७४९ |
| | १२-२०७५/१/५ | कुर्कुनटार | ७५५६०० |
| | १४-२०७५/१/५ | नर्कटे | ६६२५०० |
| | १६-२०७५/१/२६ | नरेटार | १४२६४९ |
| | १७-२०७५/१/२७ | चुरुम्फा | १८७४०० |
| | १८-२०७५/१/२८ | काभ्रेपानी | ३५०८३० |
| | २०-२०७५/२/८ | अम्बोटे | २१२९२३ |
| | २१-२०७५/२/८ | भुतिया | ८१८७९२ |
| | २२-२०७५/२/२५ | नेपालटार | १९७०९७० |
| | २३-२०७५/२/२५ | अम्बोटे | १७१२०० |
| | २५-२०७५/२/२७ | अधेरी | ५३४८०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २६-२०७५/२/२७ | काभ्रेपानी | ५४१०२० | | |
| | | | २७-२०७५/२/२६ | बहुलाटार | २२२०२४ | | |
| | | | २८-२०७५/३/५ | कमान चुरुम्फा | १२५०८०० | | |
| | | | ३०-२०७५/३/३० | उदयपुरगढी | ४९१५०० | | |
| | | | ३१-२०७५/३/३० | कुर्न्कुटार | १८१२०० | | |
| | | | ३२-२०७५/३/३० | माटे दोभान | १६०३७० | | |
| | | | ३३-२०७५/३/२५ | हर्रा भन्ज्याङ्ग | १३४०९०० | | |
| | | | ३५-२०७५/३/३१ | कोल्टे मैनाटार | १६५१६१२ | | |
| | | | ३६-२०७५/३/३१ | नेपालटार धप्पर | १२५४००० | | |
| | | | ३७-२०७५/३/३१ | कोल्टे मैनाटार | ७८६६०० | | |
| | | | ३८-२०७५/३/३१ | नर्कट बरचौरी | ११०६०० | | |
| | | | ४०-२०७५/३/३१ | विजनबारी | ३२५४७२ | | |
| | | | ४१-२०७५/३/३१ | वेलकोटे | ३७११० | | |
| | | पूँजीगत गा पा सडक १-४ | १-२०७५/१/१६ | रातमाटे सिन्कौली | ११०४००० | | |
| | | | २-२०७५/१/२५ | पसलटार | २३९८४०५ | | |
| | | | ३-२०७५/१/२५ | सर्गवास | ३१२१९५१ | | |
| | | | | रातमाटे | ६७०००० | | |
| | | | ४-२०७५/१/२५ | चिउरी भन्ज्याङ्ग | १४०८०० | | |
| | | | ५-२०७५/२/१३ | जरुवा | १००३३६८ | | |
| | | | ६-२०७५/२/१३ | अग्रखे | १६४२४७ | | |
| | | | ७-२०७५/२/१३ | नेपालटार | ३६००० | | |
| | | | ८-२०७५/२/१६ | मान्सिटार | ८५२४८० | | |
| | | | १०-२०७५/२/२५ | पाडे | २५५७०० | | |
| | | | १२-२०७५/३/३ | हिमन्ते | १२०२०० | | |
| | | | १३-२०७५/३/३ | डुम्रे जलकेनी | २२६९०० | | |
| | | | १४-२०७५/३/३ | जल्केनी | १७८५३०० | | |
| | | | १५-२०७५/३/३ | डुम्रे | ८९००० | | |
| | | | १६-२०७५/३/३ | जल्केनी सिरुवारी | १७१५५६ | | |
| | | | १७-२०७५/३/३ | ललहरी | ५५७६५० | | |
| | | | १८-२०७५/३/१५ | मान्सिटार | ३४०८०५ | | |
| | | | १९-२०७५/३/१५ | महुवा | ३००००० | | |
| | | | २०-२०७५/३/१५ | चुलाढुंगा | २७६२७० | | |
| | | | २१-२०७५/३/२० | आहाले | १०९४९२६ | | |
| | | | २३-२०७५/३/२२ | उदयपुरगढी | ९९१२७९ | | |
| | | | २५-२०७५/३/२२ | जरुवा | ७४७६०० | | |
| | | | २६-२०७५/३/२० | चुलाढुंगाा | ४८९६०० | | |
| | | | २७-२०७५/३/२२ | आखाले | १८४८० | | |
| | | | २८-२०७५/३/२४ | आहाले | १६३९९० | | |
| | | | २९-२०७५/३/२४ | पसलटार | ३७२२५३ | | |
| | | | ३०-२०७५/३/२७ | चुलढुंगा | १७४९९० | | |
| | | | ३१-२०७५/३/२७ | डुम्रे | १४७५३४ | | |
| | | | ३२-२०७५/३/२७ | जरुवा | २१७९००० | | |
| | | | ३३-२०७५/३/२४ | धमिले | ४३३९०१ | | |
| | | प्रदेश सरकार | २-२०७५/३/२५ | नेपालटार धप्पर | १२५४००० | | |

| | | | |
|---|---|---|---|
| | १-२०७५/३/२५ | जरुवा तामाडाँडा | ५४८९९० |
| पूँजीगत अन्य | १६-२०७५/२/२६ | स्वास्थ्य चौकी | १२३९१२ |
| | २३-२०७५/३/२४ | बाल उद्यान खेल | २५००५३ |
| | २४-२०७५/३/२४ | वडा कार्यालय भवन | ५२२१४५ |
| | २८-२०७५/३/२० | भकुन्डे चौकी | १३३९४० |
| | ४७-२०७५/३/२५ | युवा खेल मैदान | ८०००० |
| | ७०-२०७५/३/३० | बाल उद्यान | ५६७८०० |
| | | **जम्मा** | **४२०२३८८१** |

२२.३. उपभोक्ता समितिले हेभि उपकरण प्रयोग गरी पूर्वाधार निर्माण गर्दा जग्गा प्राप्ती, खन्ने क्रममा निस्कने सामग्रीको व्यवस्थापन, निर्माणले पार्ने वातावरणीय प्रभावको विश्लेषण नगर्दा सम्पत्तिको क्षतिपूर्ति नपाएको, खेतीयोग्य जमिनमा क्षति भएको, खानेपानी तथा सिंचाईका संरचना विग्रिएका, संरचनाको नियमित मर्मत नगर्नाले संरचनाबाट जनताले लाभ पाउन नसकेको गुनासाहरु कार्यालयमा आएको देखिएकाले वातावरणीय प्रभाव समेत विचार गरी निर्माण पछिको सञ्चालनका सम्बन्धमा पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ ।

२३. **माटो काट्ने लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारद्धारा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रयोग गरेको नर्म्स सो अनुसार स्वीकृत भएको पाइएन । कार्यालयले लागत अनुमान तयार गर्दा माटो काट्ने परिमाण गणना गर्दा माटोको वर्गीकरण एवं मेशिन र म्यानुअल प्रयोग गर्दा आयोजना अनुसार फरक फरक अंश गणना गर्ने गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा पूँजीगत गा पा सडक १-४ का केही भौचर नमुनाको रुपमा परीक्षण गर्दा निम्नानुसार देखिएकाले यस्तो कार्यमा एकरुपता कायम गर्नुपर्दछ ।

| गोश्वरा भौचर नम्बर | योजनाको नाम | माटोको वर्गीकरण |
|---|---|---|
| ३३-२०७५/३/२४ | धमिले कात्तिके | Ordinary 25%, Hard & Gravel 65%, Soft 10% |
| ३२-२०७५/३/२७ | जरुवा हात्तिटार | Ordinary 30%, Hard & Gravel 58%, Soft 10%, Hard 2% |
| ३१-२०७५/३/२७ | डुम्रे गजेथुम्का | Hard & Gravel 85%, Soft 13%, Hard 2% |
| २९-२०७५/३/२४ | पसलटार | Ordinary 40%, Hard & Gravel 50%, Soft 9%, Hard 1% |
| २८-२०७५/३/२४ | आहाले हात्तिसार | Hard & Gravel 60%, Soft 40% |
| २५-२०७५/३/२२ | जरुवा ढाडेगाउँ | Ordinary 40%, Hard & Gravel 50%, Soft 8%, Hard 2% |
| १४-२०७५/३/३ | जल्केनी पाडे भन्ज्याङ्ग | Ordinary 25%, Hard & Gravel 64%, Soft 10%, Hard 1% |
| ५-२०७५/२/१३ | जरुवा रातमाटे | Hard & Gravel 90%, Soft 8%, Hard 2% |
| ३-२०७५/१/२५ | सर्गवास | Ordinary 41%, Hard & Gravel 50%, Soft 8%, Hard 1% |
| २-२०७५/१/२५ | पसलटार | Ordinary 25%, Hard & Gravel 60%, Soft 13%, Hard 2% |

२४. **भुक्तानीमा कर कट्टि दाखिला :** आयकर ऐन, २०५८ मा भुक्तानीमा कठाएको कर अर्को महिनाको २५ गतेभित्र सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले भुक्तानीमा कटाएको कर सो अनुसार दाखिला गर्ने नगरेको निम्न भौचरहरुको परीक्षण गर्दा देखियो भने गोश्वरा भौचर अनुसार दाखिला कर र भौचर साथ संलग्न राजश्व भौचर अनुसार दाखिला कर रकम एक आपसमा मिलेको देखिएन ।

| कार्यक्रमको नाम | गोश्वरा भौचर नम्बर | दाखिला रकम | बैंक भौचर रकम |
|---|---|---|---|
| पूँजीगत गा पा १-४ सडक | ३४-२०७५/३/२७ | ६८००८० | ४८७३८८ |
| पूँजीगत गा पा ५-८ सडक | ४२-२०७५/३/३१ | ३३९०९७ | २३४९२१ |
| खानेपानी वडा १-४ | १४-२०७५/३/२५ | ३१४०४ | ३४५०४ |
| खानेपानी वडा ५-८ | २०-२०७५/३/२५ | ४६२४७ | ४८२३९ |
| सिंचाई संरचना | २७-२०७५/३/२५ | ४०६४६ | २४७८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय भौतिक | ६६-२०७५/३/३० | ७३२३६ | ७०९६१ | |
| | साना सिंचाई | ३-२०७५/३/२८ | १०३०० | ० | |

२५. **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँऊपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत राखेको नपाइएकाले सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँऊपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

२६. **सूचना प्रविधिको प्रयोग :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० मा मन्त्रालयले स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारवाहीमा एकरुपता कायम गर्न प्रयोग गर्नु पर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न आपूर्तकबाट सफ्टवेयर खरिद गरेकोमा सो सफ्टवेयर मन्त्रालयले तोकेको ढाँचामा नरहेको, सफ्टवेयर आधिकारिक निकायबाट प्रमाणित नभएको, मन्त्रालयले लागु गरेको सुत्र प्रणालीमा आबद्ध नभएको तथा सफ्टवेयरलाई प्रयोगमा नल्याएकोले उक्त खर्चलाई नियमित नदेखिएको रु. ८५१९०७.००

| **भौचर नम्बर** | **आपुर्तिकर्ता** | **सफ्टवेयरको विवरण** | **सम्झौता रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १८-२०७५.३.३१ पूँजीगत | फिनिक्स सोल्युसन प्रा लि | आय लेखा | १९९८९७ | ० |
| | इको प्लस प्रा लि | केन्द्रिय लेखा र जिन्सी व्यवस्थापन | ४५२००० | ४५२००० |
| | साँग्रिला इन्फरमेटिक्स | एकीकृत सम्पत्ति कर | ३९९९०७ | ३९९९०७ |
| | प्रोटोकल इन्तरनेशनल | एकीकृत सम्पत्ति कर | ४५२००० | ० |
| | | **जम्मा** | **१५०३८०४** | **८५१९०७** |

२७. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान निकाल्ने तरिका उल्लेख छ । जस अनुसार लागत अनुमानमा ओभरहेड, वर्क चार्ट स्टाफ खर्च, सानातिना अन्य खर्च, मूल्य समायोजन कन्टिन्जेन्सि, फिजिकल कन्टिन्जेन्सि, मूल्य अभिबृद्धि कर समेत थप गरी लागत अनुमान कायम गर्नु पर्दछ । कार्यालयले तयार गरेका लागत अनुमानमा उपरोक्त कुराहरु थप गरे नगरेको सम्बन्धमा उल्लेख नगर्नाले उपभोक्ता समितिले निर्माण गर्ने कार्यको लागत अनुमान रकमको विश्वसनियता मूल्यांकन गर्न सकिएन ।

२८. **मौजुदा सूची :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३०(६), ४१(१)(क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरि खरिद गरेको एकीन गर्ने आधार भएन ।

२९. **मूल्य अभिबृद्धि कर दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२) मा बीस हजार रुपैयाँभन्दा कम रकमको मालसमान खरिद गर्दा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण प्राप्त नगरेकाबाट खरिद गर्न सकिने व्यवस्था भएकोले बीस हजारभन्दा बढीको खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएकाबाट खरिद गर्नु पर्नेमा निम्नबाट माल समान खरिद गरेकोमा मूल्य अभिबृद्धि करमा दर्ता भएको पाइएन ।

| **विवरण** | **भौचर नम्बर र मिति** | **भुक्तानी रकम** | **फर्मको नाम** |
|---|---|---|---|
| **पूँजीगत अन्य** | ५४-२०७५/३/२९ | ६२५०० | पंचावती माई सप्लायर्स एण्ड ट्रेडर्स |
| स्वास्थ्य | ५०।२०७५।३।२५ | ७४२५० | ममता डिजिटल फ्ल्लेक्स |

| | | | |
|---|---|---|---|
| | ५५।२०७५।३।३१ | | प्रिण्ट एण्ड फोटो स्टूडियो |
| | ५४।२०७५।३।३१<br>५५।२०७५।३।३१ | ५५३२५ | |
| | ५५।२०७५।३।३१ | ३६५०० | सानुमाया फर्निचर उद्योग |
| पोषण कार्यक्रम | ५।२०।७५।३।३ | २१००० | नवज्योति स्टेशनरी सेण्टर |

३०. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाँउमा एकैदिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत रकम भुक्तानी पाउने व्यवस्था रहेको छ । कार्यालयले एकै दिनमा फर्कन सक्ने स्थानमा सरकारी साधन, मोटरसाइकल वा अन्य सार्वजनिक यातायातबाट भ्रमण गर्दा पनि पुरै दिनको भ्रमण खर्च लिएको देखिएकाले यसमा सुधार हुनुपर्दछ ।

३१. **पेश्की बाँकी :** निम्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रकम आर्थिक वर्षका अन्तिम दिन सम्म पनि फछ्र्यौट गरेको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुनुपर्ने रु. .. १८०००००.०

| गो.भौ.नं.,मिति | उपभोक्ता समितिको नाम | बाँकी पेश्की रकम |
|---|---|---|
| १-२०७५/३/३ | बकुवा मुहान गरी हात्तिटार आउने कुलो सिं जल उ स | ३००००० |
| | पुरानो मर्मत बाह्रविसे कुलो सिं जल उ स | ३००००० |
| | बाहुनीटार कुलो सिं जल उ स | ३००००० |
| | डुम्रीटार कुलो सिं जल उ स | ३००००० |
| | पाखे कुलो हजारे कुलो सिं जल उ स | ३००००० |
| | तावा खोला मुहान गरी हजारे कुलो सिं जल उ स | ३००००० |
| | **जम्मा** | **१८०००००** |

३२. **भेरिएसन आदेश :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयबाट खरिद सम्झौता भएका खरिद कार्यको कार्य सम्पन्न हुँदा लागत अनुमानभन्दा फरक परी कार्य सम्पन्न प्रतिवेदन तयार भएको पनि भेरिएसन आदेश जारी नगरी सम्झौताभन्दा फरक रकम भुक्तानी दिने गरेको पाइयो । यस्तो अन्तर हुँदा पनि भेरिएसन आदेश जारी नभएका केही उदाहरण निम्न रहेका छन:

| भौचर नम्बर | आयोजना | सम्झौता रकम रु | कार्य सम्पन्न रकम रु |
|---|---|---|---|
| ५७-२०७५/३/२६ | आहाले हातिटार | १३०२८५८ | ४९१२८६ |
| ६०-२०७५/३/२४ | भ्यु टावर निर्माण | २००६४७८ | ११४३३४४ |
| ३६-२०७५/३/३१ | नेपालटार धप्पर | १९२८२४२ | २२०८३३० |

३३. **फरक शीर्षकको खर्च**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (२)(क) मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न खर्च गरेकोमा फरक खर्च शीर्षकबाट भुक्तानी दिएको नियमित नदेखिएको रु. ६३७८०६३.००

| भौचर नम्बर र मिति | भुक्तानी रकम | वपत | खर्च लेखेको शीर्षक | खर्च लेख्नु पर्ने शीर्षक |
|---|---|---|---|---|
| १६-२०७५/३/२२ | ४८००० | मैदान निर्माण | पूँजीगत सिंचाई | शिक्षा शशर्त |
| १-६६-२०७५/२/७-२०७५/३/३१ | ६२३००६३ | विद्यालय भौतिक पूर्वाधार निर्माण | पूँजीगत विद्यालय भौतिक | शिक्षा शशर्त |
| ३६-२०७५/३/२४ | १००००० | औषधी खरिद | पूँजीगत अन्य | शिक्षा शशर्त |
| **जम्मा** | **६३७८०६३** | | | |

३४. नेपाल सरकारले महिला स्वास्थ्य स्वयमसेविकाले पाउने सुविधाका सम्बन्धमा निर्णय गरी सशर्त

| | | |
|---|---|---|
| | अनुदानबाट खर्च व्यहोरेकोमा गाँउपालिकाले मासिक खाजा तथा प्रोत्सहान वापत रु. ६५०।०० तथा ४६ जना महिला स्वास्थ्य स्वयम सेविकालाई प्रति इकाई रु. ७००६।०० पर्ने मोवाइल सेट उपलब्ध गराएको अनियमित देखिएको रु. ... | ३२२२७६.०० |
| ३५. | **विद्यालय भौतिक सुधार :** यस वर्ष जिल्ला शिक्षा कार्यालय वा शिक्षा विकास तथा समन्वय ईकाइले रु. ३१,५८,७१,६२२।७७ खर्च गर्दा शिशु विकास कार्यक्रम, अनौपचारिक शिक्षा, सूचना प्रविधिको प्रयोग, पुस्तकालय स्थापना, बैठक खर्च, तालिम, शिक्षकको तलब, भौतिक पूर्वाधार निर्माण, विद्यार्थी संख्याको आधारमा अनुदान, छात्रवृत्ति, लजिष्टिक सहयोग, नमूना विद्यालय निर्माण, प्रोत्सहान अनुदान लगायतका लागि विद्यालयहरुलाई भुक्तानी दिएको छ। यस कार्यालयले समेत उपरोक्त कार्यक्रमहरुसँग मेल खाने गरी निम्नानुसारको रकम विद्यालयको नाममा खर्च गरेको छ । कार्यालयले खर्च गरेका रकम तथा शिक्षा विकास तथा समन्वय इकाईले गरेका खर्च दाहोरो प्रकृतिका देखिएकाले यस्तो खर्च रकमको यथार्थता एकिन हुनुपर्ने रु .... | ७११८८२०.० |

| भौचर नम्बर र मिति | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| ६३-२०७५/३/२८ पूँजीगत अन्य | मा वि भलायडाँडा | ५७६००० |
| ६४-२०७५/३/२७ | बाल विकास केन्द्र ललहरी | ४०००० |
| १-६६-२०७५/२/७-२०७५/३/३१ विद्यालय भौतिक | विभिन्न | ६३१०८२० |
| १९-२०७५/३/२५ खा पा ५-८ | मा वि भलायडाँडा | १९२००० |
| | **जम्मा** | **७११८८२०** |

| | | |
|---|---|---|
| | यस सम्बन्धमा विद्यालयमा हुन पर्ने न्युनतम मापदण्ड, विद्यमान रहेका विद्यमान भौतिक सुविधा र जनशक्ति, थप गर्नु पर्ने सुविधा र जनशक्ति समेत विश्लेषण गरी यस कार्यालय तथा शिक्षा विकास तथा समन्वय इकाइ तथा जनश्रमबाट व्यहोरिने अंश निर्धारण गरी दोहोरो नपर्ने गरी खर्च गर्नुपर्ने देखिन्छ । | |
| ३६. | **भवन निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ मा भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था रहेको छ । गाँऊपालिकाले आफ्नो कार्य क्षेत्रभित्र नक्सा पास गराई भवन निर्माण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । कार्यालयले भवन निर्माण गर्नु अघि अनुमतिपत्र दिएको पाइएन । कार्यालयले यस वर्ष कार्यालयको आफ्नो भवन समेत भवन निर्माणमा रु.७३,७१,३५६।०० को भवन निर्माण गर्दा समेत ती भवनको नक्शा पास गरेको देखिएन । | |
| | **सशर्त अनुदान : सामाजिक सुरक्षा** | |
| | उदयपुरगढी गाउंपालिका कार्यालय, उदयपुरले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत प्रथम चौमासिकमा पेश्की खर्च लेखेको रु.१,५२,६४,४००।००, दोस्रो चौमासिकमा खर्च नभएको र तेस्रो चौमासिकमा रु.२,९९,०८,०००।०० पेश्की खर्च लेखि को.ले.नि.का.बाट निकासा रु.४,४९,२६,४००।०० र बांकि रु.२,४६,०००।०० गा.पा.को संचित कोषबाट गरी कूल रु.४,५१,७२,४००।०० निकासा खर्च भएकोमा पछि सामाजिक सुरक्षा वापत निकासा भएको प्राप्त रकमबाट गा.पा.को.संचित कोषमा हिसाव मिलान गरी रकम रु.२,४६,०००।०० हिसाव मिलान गरी रु.४,४९,२६,४००।०० खर्च मध्ये संचित कोषमा फिर्ता दाखिला हुन आएको रु.२,०१,२००।०० कट्टा गरी कूल रु.४,४७,२५,२००।०० खर्च भएको छ । | |
| ३७. | **लाभग्राहीको अभिलेख** : सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि,२०७२ को दफा (९) मा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको अनुसूची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ भन्ने उल्लेख छ । तर लेखापरीक्षण समयमा लाभग्राहीको फोटो सहितको नाम नामेसि भएको लगत किताव माग गर्दा पेश हुन आएन, उक्त लाभ ग्राहीको नाम नामेसि सहित वार्षिक तथा अर्धवार्षिक रुपमा नविकरण गरी मृत्यू भएका, बसाईसरी गएका, एकल वा विधवा महिलाले विवाह गरेमा, वालवालिकाको हकमा उमेर पुरा भएमा,नविकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझ्ेमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यबस्था भएकोमा यस वर्ष उक्त उल्लेखित बुंदा अनुसारका काम कारवाही भै के कति को लगत कट्टा तथा थप गरी अभिलेख व्यबस्थित गरियो गरिएन सो सम्बन्धमा | |

| | | |
|---|---|---|
| | कुनै पनि प्रमाण पेश हुन नआएकोले वास्तविक लाभग्राहिले रकम प्राप्त गरेको छ छैन एकिन गर्न सकिएन । | |
| ३८. | कार्यालयले सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि,२०७२ मा उल्लेखित अनुसूचीहरु पूर्णरुपमा राखी नियमको पालना गरेका देखिएन । | |
| ३९. | **बैंकिङ्ग कारोवार :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को परिच्छेद ४ को १.५ भत्तामा यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखेको भएतापनि मन्त्रालयको स्वीकृत विना हातहातै नगद वितरण गर्न पाइने छैन भन्ने उल्लेख छ । यस गाउंपालिका अन्तर्गत १ न. वडा कार्यालयदेखि ८ नं. वडा कार्यालय भएकोमा लाभग्राहिहरुलाई भुक्तानी दिने सामाजिक सुरक्षा भत्ता वडाका सचिवहरुलाई पेश्की दिई वितरण गरेको देखियो । हालसम्मपनि कार्यालयले सो कार्यविधि अनुसार तर कार्यालयले लाभग्राीको नाममा बैंकमा खाता खोली कारोवार गरेको छैन । अतः कार्यविधि अनुसार तत्काल बैंक मार्फतनै कारोवार गर्ने गराउनेतर्फ पहल हुनुपर्दछ । | |
| ४०. | कार्यालयले कार्यालयका सम्पूर्ण वडाका सचिवहरुलाई सामाजिक सुरक्षा भत्ता पेश्की दिई सम्पूर्ण भरपाईनै ल्याप्चे लगाएको पाना पानाको जोडजम्मा नगरेको भरपाई पेश हुन आएको छ । उक्त भरपाई साथ फछ्र्यौटको विवरण साथ वितरण संख्या तथा फिर्ता रकम खुलाएकोमा प्राप्त भरपाईको कुनैपनि स्थान जोड जम्मा राख्ने नगरेकोले उक्त विवरणसंग भुक्तानी रकमको भिडान गर्न सकिएन । | |
| ४१. | **घटी दाखिला** : निम्न सचिवहरुले लिएको पेश्की रकम फछ्र्यौट गर्दा फांटवारीमा मृत्यू भएको, दोहोरो भएको, फिर्ता हुनु पर्ने भनि उल्लेख भएको रकम र फिर्ता गरेको छ । तर उपरोक्त उल्लेख भएको रकमहरुको संख्या जोड्दा बढी फिर्ता हुनु पर्ने देखिन्छ तर पश्की फछ्र्यौट गर्दा घटी दाखिला भएको सम्बन्धमा गणना गरी नपुग रकम असूल हुनुपर्ने देखिएको रु. | ७२८००.०० |

| भौ.नं. मिति | पेश्की फछ्र्यौट गर्ने कर्मचारीको नाम | फछ्र्यौटको लागि पेश भएको फांटवारी रकम | फाँटवारीमा उल्लेख मृत्यू,दोहोरो फिर्ता हुनुपर्ने | फिर्ता भएको रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| ६।२०७४।९।१६ | वडा नं. ६ वडा सचिव श्री खिलाराज कार्की | ९१८३६००.०० | २६८००.०० | ६८००.०० | २००००.०० |
| ,, | वडा नं.७ वडा सचिव श्री खिलाराज कार्की | २११६०००.०० | २००००.०० | ४०००.०० | १६०००.०० |
| ,, | वडा नं.८ वडा सचिव खिलाराज कार्की | १८१५२००.० | ३२०००.०० | ४०००.०० | २८०००.०० |
| ७।२०७४।९।२५ | वडा नं.१ वडा सचिव राजन पोखेल | २२६५२००.०० | ३६०००.०० | २८८००.० | ७२००.०० |
| ९।२०७४।९।१५ | वडा नं. ३ वडा सचिव निर्मल कुमार खतिवडा | १२८०८००.० | ० | २४०००.० | ० |
| २४।२०७५।३।२५ | वडा नं. ५ वडा सचिव | २५६५२००.०० | १९२००.०० | २८०००.० | १६००.०० |
| | | | | **जम्मा** | **७२८००.०** |

| | | |
|---|---|---|
| ४२. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७२ परिच्छेद ४ को (१५) (क) मा गाविस । नगरपालिकाले प्रथम चौमासिक असोजको १ गतेबाट दोस्रो हप्ता भित्र, दोस्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ता भित्र भुक्तानी गरी सक्नु पर्ने उल्लेख छ ,त्यस्तै (ई) मा पहिलो चौमासिकको भुक्तानी भएको भरपाई कार्तिक मसान्त भित्र, दोश्रो चौमासिकको भरपाई फागुन मसन्त भित्र र तेस्रो चौमासिकको भरपाई आषाढ २० गते भित्र कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । तर कार्यालयले मिति २०७५।३।२० आषाढको अन्तमा तेस्रो चौमासिकको रकम निम्न वडा सचिवहरुलाई दिएको सामाजिक सुरक्षा भत्ता आर्थिक वर्षको अन्त अर्थात आषाढ महिनाको २५ गते सम्पूर्ण रकम फछ्र्यौट हुन आएकोले उक्त निर्देशिकाको पालना भएको देखिएन । यसरी आषाढ महिनामा पेश्की दिने कार्यलाई नियन्त्रण गरीनु पर्दछ भने मिति २०७५।३।२० मा मात्र दिएको पेश्की रकम ५ दिन भित्र फछ्र्यौटको लागि पेश हुन आएकोमा प्रत्येक | |

| | | |
|---|---|---|
| | वडाको प्राप्त फाँटवारीमा प्रत्येक पाना पानाको जोड जम्मा गरी तेरिज सहित लाभ ग्राहिलाई बुझाएको मुचुल्का समेत समेत प्राप्त हुन नआएकोले उक्त पेश्की फछ्र्यौट रकम रु.१,४६,७०,०००।०० भिडान तथा जोड जम्मा ठीक छ भनि एकिन गर्न सकिएन । | |

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम | कैफियत | भौ.नं. तथा फछ्र्यौट मिति |
|---|---|---|---|---|
| २०७५/३/२० | राजन पोखेल | २१८४०००.०० | वडा नं. नखुलाई पेश्की | २४/२०७५/३/२५ |
| २०७५/३/२० | रमेश सुनुवार | १२१६४००.०० | वडा नं. नखुलाई पेश्की | २५/२०७५/३/२५ |
| २०७५/३/२० | रमेश कुमार पाण्डे | ११८४०००.०० | वडा नं. नखुलाई पेश्की | २६/२०७५/३/२५ |
| २०७५/३/२० | गुणराज श्रेष्ठ | १२०५६००.० | वडा नं. नखुलाई पेश्की | १९/२०७५/३/२५ |
| २०७५/३/२० | कुमार बहादुर रोकाहा | २३८५२००.०० | वडा नं. नखुलाई पेश्की | २१/२०७५/३/२५ |
| २०७५/३/२० | रितेश थापा | २६२००००.०० | वडा नं. नखुलाई पेश्की | २०/२०७५/३/२५ |
| २०७५/३/२० | खिलाराज कार्की | २२०३६००.०० | वडा नं. नखुलाई पेश्की | २२/२०७५/३/२५ |
| २०७५/३/२० | उपेन्द्र राई | १६७१२००.०० | वडा नं. नखुलाई पेश्की | २३/२०७५/३/२५ |
| | **जम्मा** | **१४६७००००.००** | | |

| | | |
|---|---|---|
| | **LGCDP (चालु पूँजिगत)** | |
| ४३. | भौ.नं. ३।२०७५।३।२० बाट सामाजिक परिचालक इन्दीरा लामा रु.४१,५८०।, केशव खिलुंगे रु.४१,५८०।, लक्ष्मी तामाङ रु.४१,५८०।, देव कुमारी मगर रु.४१,५८०।- र बालकृष्ण वि.क. लाई रु.४१,५८०। समेत रु.२,९५,०००।०० सा.सु. कर कट्टि समेत खर्च लेखी निजहरुको खातामा पठाएकोमा निजहरुको नियूक्ती, हाजिरी, महिना समेत नखुलाई पारिश्रमिक खर्च लेखेको रु. | २०९०००.०० |
| | **गरिवसँग विसेश्वर** | |
| ४४. | गो.भौ.नं.१।२०७५।३।२५ बाट हिमाली कृषक समुह खानेपानी मर्मत उपभोक्ता समिति र मिर्मिरे सितल समुख खानेपानी मर्मत उपभाक्ता समितिबाट अग्रिम आयकर कट्टि नभएको क्रमशः रु.१६८०।२० र ९९६।७४ समेत जम्मा रु.२६७६।९४ असूल हुनुपर्ने देखिएको रु. | २६७६.९४ |
| | **स्वास्थ्य** | |
| ४५. | यस कार्यालय अन्तर्गतका स्वास्थ्यतर्फका कर्मचारीहरुको तलववी प्रतिवेदन पास नगराई नै तलव भत्ता खर्च लेखेकोले तलव एवं ग्रेड भिडान गर्न सकिएन । अतः तलवी प्रवेदन पास गराई मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । | |
| ४५.१. | भौ.नं.२३।२०७४।९।३० खुल्ला ३ वटा कोटेशन लिई हलेसी मेडिसिन सप्लायर्स, ललितपुरको विल नं. ३।२०७४।७।२८ बाट न्याने झोला २५४ सेटको रु.२,२७,३१९।०० र अजम्बरि पर्मास्यूटिकल्स, काठमाडौंको विल न.४९।२०७४।७।२९ बाट ४९ थरीका औषधि तथा सर्जिकल सामानहरु खरिद गरी रु. ४४९९९४।०० समेत रु.६,७७,३१३।०० को खरिद गरेकोमा जिन्सी दाखिला तथा खर्चको प्रमाणहरु संलग्न नभएको रु. | ६७७३१३.०० |
| ४६. | भौ.नं.२३।२०७४।९।३० बाट न्यानो झोला तथा औषधि खरिद गर्दा कट्टि गरेको कर रकमको दखिला भौचर पेश हुन नआएको रु. | ९६८२.०० |
| ४७. | भौ.नं. ३३।२०७४।१२।१३ बाट खर्च लखेको मध्ये प्रियंका जनरल स्टार उदयपुरको विल नं.५८।२०७४।७।२३ बाट वेट स्केल ६ पिसको रु. १५०००।००, प्रियंका जनरल स्टोर, उदयपुरको विल नं. ६३।२०७४।७।२४ बाट रिङ्ग पेसरी (सिलीकन) १२ पिस रु. ५०००।००, लक्ष्मी छापाखाना, उदयपुरको विल नं.११९।२०७४।८।२९ बाट विरामी जांचपूर्जा ३८५ ठेली को रु.८४,८३४।७५ र एल.एन.एस स्टेशनरी सप्लायर्स, गाईघाटबो विभिन्न अनुसूची छपाईको रु.४००४।०० समेत रु.१,०८,३८३।७५ सामाग्रिहरु खरिद गरी खर्च लेखेकोमा उक्त समानहरु खरिद गर्न मागफारम , खरिद आदेश पश्चात मात्र सामान खरिद गरी जिन्सी दाखिला गरी आवश्यक स्थानमा हस्तान्तरण गरी सो स्थानमा जिन्सी दाखिला गरेको प्रमाण पेश हुनु पर्नेमा खरिद विलमात्र राखी खर्च लेखेकको लाई नियमित खर्च भन्न नमिल्ने देखिएको रु. | १०८३८.७५ |

| | | |
|---|---|---|
| ४८. | भौ.नं.४७।२०७५।३।२० संयोजक दिप नारायण चौधरीले ७ वटा विलबाट विभिन्न सामानहरु खरिद गरी रु.६०,०००।०० सोधभर्ना दिएकोमा उक्त समान खरिद गर्दा माग फारम, खरिद आदेश तथा जिन्सी दाखिला नभएको र उक्त खरिद रकममा आयरकर ऐन,२०५८ बोजिम अग्रिम कर समेत कट्टा भएको नदेखिएको रकम रु.९००।०० असुल गर्नु पर्ने समेत नियमानुसार खरिद नभएको रकम रु. | ६००००.०० |
